# बाघ आतंकले कालीमाटीका स्थानीय त्रसित

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, २९ माघ

बाँके राष्ट्रिय निकुञ्जबाट फैलिएको पाटेबाघलगायत वन्यजन्तुको आतंक बढ्दै जाँदा सल्यानको कालीमाटी गाउँपालिकाका स्थानीय बासिन्दा त्रसित बनेका छन् । समस्या समाधानको माग गर्दै सामुदायिक वन उपभोक्ता महासंघ सल्यानले सरोकारवालासँग अन्तर्क्रिया तथा विरोध कार्यक्रम आयोजना गरेको छ ।



कालीमाटी गाउँपालिका-७ स्थित जनसांस्कृतिक युवा क्लब भवन, घुइँवारीमा बुधबार सम्पन्न भएको आन्तर्क्रिया तथा विरोध कार्यक्रममा कालीमाटी गाउँपालिका-६ र ७ अन्तर्गत पर्ने घुइँवारी र हात्तीढुंगा क्षेत्रमा पछिल्लो समय बाघको आक्रमण बढ्दै गएको स्थानीयले बताएका छन् ।

उनीहरुले आगामी निर्वाचनमा उम्मेदवारसँग निकुञ्ज क्षेत्रभित्र बसोवास गर्ने नागरिकको जीवन सुरक्षामा राज्यले जिम्मेवारी लिनुपर्ने भन्दै आवश्यक परे निकुञ्ज खारेज गर्नुपर्ने माग समेत राखेका छन् ।

बाघको आक्रमणबाट धनसरा रावत र चन्द्रबहादुर खप्तडी मगरसहित तीन जनाले ज्यान गुमाइसकेको जानकारी दिइएको छ । साथै बाघले घरपालुवा जनावरमाथि पटक-पटक आक्रमण गरी क्षति पुर्‍याउँदै आएको स्थानीयले बताएका छन् ।

मध्यवर्ती क्षेत्रमा पर्ने यी बस्तीका स्थानीयले आफूहरू असुरक्षित बनेको भन्दै वन्यजन्तुबाट जोगाउने प्रभावकारी व्यवस्था गर्न माग गरेका छन् । सुरक्षा व्यवस्था गर्न नसकिने अवस्था आए मध्यवर्ती क्षेत्र खारेज गर्नुपर्ने मागसमेत उठाइएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ सल्यानका अध्यक्ष पुरुषोत्तम भट्टराईले निकुञ्ज क्षेत्रले पारेको नकारात्मक प्रभावप्रति आफूहरू आन्दोलनमा उत्रिएको बताए ।

उनले बाँके राष्ट्रिय निकुञ्जले स्थानीय जनजीवनमा पारेको असरबारे विभिन्न सरोकारवाला, सामुदायिक वन उपभोक्ता समिति तथा स्थानीयसँग अन्तर्क्रिया गरी आगामी रणनीतिबारे छलफल गरिएको जानकारी दिए । आन्दोलनलाई निरन्तरता दिँदै जनतालाई सचेत गराउने निर्णयसमेत गरिएको उनले बताए ।

कालीमाटी गाउँपालिका-७ का वडाध्यक्ष मित्रलाल रिजालले स्थानीयको समस्या समाधानका लागि सरकार संवेदनशील बन्नुपर्ने बताए ।

उनले निकुञ्ज क्षेत्रभित्र बसोवास गर्ने नागरिकको जीवन सुरक्षामा राज्यले जिम्मेवारी लिनुपर्ने भन्दै आवश्यक परे निकुञ्ज खारेज गर्नुपर्ने धारणा व्यक्त गरे ।

हात्ती दमार-घुइँवारी मध्यवर्ती क्षेत्र उपभोक्ता समिति अध्यक्ष डम्बर पुनले बर्दिया तथा बाँके राष्ट्रिय निकुञ्ज क्षेत्रबाट आएका पाटेबाघका कारण स्थानीय त्रसित भएको बताए । बाघको आक्रमणबाट तीन जनाको ज्यान गएको र पशुचौपायामा समेत क्षति पुगेको जानकारी दिए ।

दीर्घकालीन समाधानका लागि निकुञ्जले बाघको संख्या व्यवस्थापन गर्नुपर्ने तथा वन्यजन्तु बाहिरिनुको कारणबारे अध्ययन गरी कानुनी व्यवस्था परिमार्जन गर्नुपर्ने उनको भनाइ थियो ।

स्थानीय वन महासंघ सल्यानका अध्यक्ष सशीराम ओलीले स्थानीयको समस्या सरकारसम्म पुर्‍याउन महासंघले निरन्तर समन्वय गरिरहेको बताए । आगामी निर्वाचनमा उम्मेदवारहरूले यो समस्या समाधानमा प्रतिबद्धता जनाउनुपर्ने उनले बताए । निकुञ्ज खारेज गर्ने वा मानवबस्ती व्यवस्थापन गर्ने विकल्पमा स्पष्ट निर्णय आवश्यक रहेको उनले जोड दिए ।

कालिमाटी गाउँपालिका-६, घुइँवारीकी अमृता मगरले बाघको त्रासका कारण बालबालिका विद्यालय जानसमेत डराउन थालेको बताइन् । सम्बन्धित निकायले तत्काल समाधान खोज्नुपर्ने र ढिलाइ हुँदा थप मानवीय क्षति हुन सक्ने जोखिम बढेको उनले बताइन् ।

कार्यक्रमबाट पाँच बुँदे निर्णयसमेत गरिएको छ । जसअनुसार सामुदायिक वन उपभोक्ता समूहहरूले आफ्ना समूहबाट निकुञ्ज खारेजीको निर्णय गर्ने, राष्ट्रिय निकुञ्ज ऐन २०२९ संशोधन गरी उपभोक्ता मैत्री बनाउने, आगामी निर्वाचनमा उम्मेदवारसँग निकुञ्ज व्यवस्थापनबारे लिखित वा मौखिक प्रतिबद्धता लिने, निकुञ्जविरुद्धको आन्दोलनलाई निरन्तरता दिने तथा संघर्ष कार्यक्रम सहजीकरण गर्न स्थानीय वन महासंघका न्यायिक समितिका संयोजक चन्द्रबहादुर बुढालाई जिम्मेवारी दिने निर्णय गरिएको छ ।

कार्यक्रममा सहभागी स्थानीय, जनप्रतिनिधि तथा सरोकारवालाले वन्यजन्तु संरक्षणसँगै मानव जीवन सुरक्षालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन् ।


## Invitation for Bids

**Government of Nepal**
**Jayaprithvi Municipality**
**Office of The Municipal Executive**
**Chainpur, Bajhang**
**Invitation for Bids No: JPM-NCB-11-2082/083**
**Date of publication: 2082-11-01**

1. [Jayaprithvi Municipality] has allocated funds or received a loan/credit/grant from [GoN] towards the construction of [Jalpa Secondary School Playground] and intends to apply part of the funds to cover eligible payments under the Contract for [JPM-NCB-11-2082/083] . Bidding is open to all eligible as per Section V of bidding document.
2. [Jayaprithvi Municipality] invites sealed bids or electronic bids from eligible bidders for the construction of [Jalpa Secondary School Playground Construction Work] under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: [NRs 2,55,00000]
   - Minimum Work experience of similar size and nature: Nrs [1,36,00000]
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. Or
   Bidder who chooses to submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Jayaprithvi Municipality, Chainpur,Bajhang, jpmunicipality2014@gmail.com, 092-421064] or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

A complete set of Bidding Documents may be purchased from the office [Jayaprithvi Municipality chainpur,Bajhang] by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Nrs [5,000] till [2082-12-01] 12:00 Noon. Or
Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified below .
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank
Account Name : Account Name : JAYAPRITHIVI NA.PA.(GA-1-1)-AANTARI
Office Code no. : 801077001 Account no.: 4110100301010004
Pre-bid meeting shall be held at [Jayaprithvi Municipality] at [14 Noon 2082-11-22].

5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before [12 :00 Noon] on [2082-12-01]. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [14:00 Noon on 2082-12-01 ] at the office of [Dewal,Bajhang]. Bids must be valid for a period of [90] from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of [7,50,000], which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड
## Haripur Water Supply & Sanitation Management Board

हरिपुर ०९, सर्लाही
मधेश प्रदेश, नेपाल

**सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशन मिति : २०८२/०९/२५
पुनः प्रकाशित मिति : २०८२/११/०१

हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड मार्फत हरिपुर नगरपालीका भित्र खानेपानी आयोजनाहरूको पाइपलाइन निर्माण तथा मर्मत सम्भार गर्ने प्रयोजनका लागि NS/IS Standard, PE-100, PN-10 मा आवश्यक HDPE पाइपहरू आपूर्तिका लागि सिलबन्दी बोलपत्र प्रक्रियाबाट सम्भावित आपुर्तिकर्ता/सप्लायर्ससँग खरिद गर्ने योजना रहेकोले योग्य तथा ईच्छुक सेवा प्रदायक/आपुर्तिकर्तालाई विधिवत रुपमा भरि एको सिलबन्दी बोलपत्र फारमहरू हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यालय हरिपुर ९, सर्लाहिमा तोकिएको समय सीमा भित्र बुझाउन यो सुचना पुन: प्रकाशन गरिएको छ ।

**सिलबन्दी बोलपत्रको विवरण तल उल्लेखित गरिएको छ :**

| क्र. स. | सूचना नं. | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | HWSSMB/01/082/083 | रु १०००/- | |

**नियम तथा शर्तहरू :**

१. बोलपत्र फाराम खानेपानी बोर्डको कार्यालयबाट, आपूर्तिकर्ताको आधिकारीक व्यक्तिले खरिद गर्न सक्नेछ,, अथवा अनलाइन मार्फत दस्तुर रकम जम्मा गरेर इमेलबाट पनि माग गर्न सकिनेछ । बोलपत्रका साथ, आपूर्तिकर्ताको संस्था दर्ता, नविकरण, करचुक्ता प्रमाण पत्र ०८१/०८२ स्थायी लेखा नं. (VAT) प्रमाणपत्रहरूको प्रतिलिपि र संस्थाको निवेदन पेश गर्नुपर्नेछ ।
२. सिलबन्दी बोलपत्र २०८२ फाल्गुन १ गते देखि फाल्गुन ७ गते दिउँसो ४:०० बजे सम्म पेश गर्न सकिनेछ ।
३. शिलबन्दी खामको बाहिर स्पष्ट रुपमा पठाउने र पाउनेको विवरण सहित सुचना नं. HWSSMB/01/082/ 083 उल्लेख गरिएको हुनुपर्नेछ । साथै प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टा छुट्टै र सिलबन्दी गरिएको हुनु पर्नेछ ।
४. बोलपत्र खरिद बापतको शुल्क कार्यालयको देहाय बमोजिमको खातामा जम्मा गरि निक्षेप भौचरको प्रतिलिपि बोर्डको कार्यालयमा प्रत्यक्ष वा इमेल मार्फत बुझाएर बोलपत्र फारम प्राप्त गर्न सकिनेछ ।
   बैकको नाम : NIC ASIA Bank Limited, Haripur Branch
   खाताको नाम : Haripur Khanepani Tatha Sarasaphai Byawasthapan Board Marmat Sambhar Kosha
   खाता नं. : ३२६४१५००९५११४००३
५. यस खरिद प्रक्रिया सम्बन्धी विस्तृत विवरण (TOR) खरिद गरिएको बोलपत्र साथै उपलब्ध गराइने छ ।
६. टेण्डर भर्ने प्रयोजनका लागि ईच्छुक आपुर्तिकर्ता (बोलपत्रदाता) हरूले गरेको सबै किसिमको खर्चहरू बोलपत्र दाताकै हुने र यसलाई टेण्डर आह्वानकर्ता हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डले कुनै पनि हालतमा भुक्तानी गर्ने छैन ।
७. बोलपत्र दस्तुर जम्मा गर्ने, बोलपत्र फाराम र विस्तृत विवरण (TOR) प्राप्त गर्ने कार्य अनलाइन मार्फत गर्न सकिनेछ तर सिलबन्दी बोलपत्र फाराम दर्ता गराउन आपुर्तिकर्ताको आधिकारिक व्यक्ति खानेपानी बोर्डको कार्यालयमा स्वयम उपस्थित हुनु पर्नेछ ।
८. यस सम्बन्धमा मिति २०८२/०९/२५ मा प्रथम पटक प्रकाशित सूचना अनुसार बोलपत्र बुझाएका बोलपत्र दाताहरूले पुन: बोलपत्र पेश गर्न पाइने छैन ।
९. नियम र शर्तहरू पुरा नगरेका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यालयमा निहित रहनेछ ।

**बोलपत्र फारम खरिद गर्ने तथा सिलबन्दी बोलपत्र बुझाउने ठेगाना :**
**हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यालय, हरिपुर न.पा. ९, सर्लाही**
**email: haripur.wssmb@gmail.com**
**सम्पर्क नं. ९८०१६७८८८१, ९८०१६७८८८२, ९८०१६७८८८३**
**वा**
**बागमती सेवा समाज नेपालको कार्यालय हरिवन ११ सर्लाही**
**९८५२०२८२२९, ९८४५५५८६६४**



## सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बाह्रबिसे, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना**

**सूचना प्रकाशित मिति :- २०८२/११/०१**

यस गाउँपालिकाको कार्यालयबाट मिति २०८२/०९/१० र मिति २०८२/१०/०४ गते हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा पहिलो र दोस्रो पटक बोलपत्र/दरभाउपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक विद्युतिय माध्यम द्वारा पेश हुन आएका बोलपत्र/दरभाउपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट न्युनतम मूल्याङ्कित तथा सारभुत रुपमा प्रवाभग्राहि देखिएका देहाय बमोजिमको बोलपत्र/दरभाउपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ ७ दिने सूचना सम्बन्धित सबैको जानकारिको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | बोलपत्र नं./ ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | SPRM/DDK/NCB/ 05/082/083 | Procurement, Supply and delivery of different diameter HDPE Pipes (NS 40, PE 100) | नेपाल प्लाष्टिक्स प्रा.लि., धरान औद्योगिक क्षेत्र, धरान-८, सुनसरी | ४९,२२,६४१।६० (अक्षरुपी उन्पचास लाख बाईस हजार छ सय एक्चालिस रुपैया साठ्ठी पैसा मात्र) |
| २ | SPRM/SQ/ \|01/082/083 | Procurement, Supply and delivery of CGI Sheet Roofing for Surakchit Nagarik Awas Karyakram Ward No.3 | एल.बि.मल्टिप्रपोज कम्पनि प्रा.लि., मेलम्ची-११, सिन्धुपाल्चोक | १३,४४,८९९।२४ (अक्षरुपी तेह्र लाख चौवालिस हजार आठ सय उनान्सय रुपैया चौबिस पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



## जहदा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**मझारे, मोरङ्ग**
**कोशी प्रदेश, नेपाल**

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

**दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना**

**(प्रकाशित मिति २०८२/११/०१)**

यस कार्यालयबाट प्रकाशित दरभाउपत्र आव्हानको सूचना अनुसार तोकीएको समयभित्र दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये तपसिल बमोजिम कार्यको लागि तपसिल अनुसारको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (९ क) बमोजिम स्वीकृतीको लागि छनौट भएकोले सोही नियमावलीको नियम १० को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुको जानकारीका लागि यो आसयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नम्वर | योजनाको नाम, ठेगाना | छनौट भएको बोलपत्र | कबोल रकम (भ्याट समेत) रु. |
|---|---|---|---|---|
| १ | JRM/WORKS/SQ/082/083-20 | नेपाल मानव धर्मसेवा समिति आश्रम निर्माण, जहदा-१ | आस्था कन्स्ट्रक्सन, लाहान-६, सिराहा | 14,22,329.85 |

**प्रमुख प्रशासकीय अधिकृत**



## हेलम्बु गाउँपालिका

༄༅། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །

## गाउँ कार्यपालिकाको कार्यालय

**हेलम्बु, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आह्वान सम्बन्धी सूचना ।**

**(सूचना प्रकाशित मितिः २०८२/११/०१)**

यस हेलम्बु गाँउपालिकाको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएको ठेक्काको लागि इच्छुक ईजाजत प्राप्त निर्माण व्यवासायीहरूले यो सुचना प्रकाशित भएको मितिले १७ औं दिन, मिति २०८२/११/१७ को दिन १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| SN | IFB No. | Description of works | Bid Security Amount (NRs.) | Price of Bid Document | Estimate cost including PS without VAT & Contingencies (NRs.) | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | 05-08-082-83 NCBW HRM-Re | Construction of Sera Labha Gaun Golphu Bhanjyang Chisapani Road, Helambu RM-4 Sindupalchok (Re notice) | 70,000.00/- | 3000.00/- | 22,15,456.37/- | 90 |

**नोटः**
बोलपत्र सम्बन्धी अन्य जानकारीका लागि हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**